# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०९ बारा, २०८३ असोज ५ गते सोमबार / दशमी / नेपाल संवत् ११४६ / Monday, September 21 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## सिमरा चक्कु प्रहार घटनामा संलग्न ६ जनाको नाम सार्वजनिक



सिमरा,४ असोज/जीतपुरसिमरा उपमहानगरपालिका( २ मा शनिबार साँझ भएको चक्कु प्रहार तथा हत्या प्रकरणमा अनुसन्धानका लागि पक्राउ परेका ६ जनाको नाम प्रहरीले सार्वजनिक गरेको छ ।

सिमराका ३५ वर्षीय स्थानीय धिरज भनिने शेरबहादुर खड्काको हत्या प्रकरणमा प्रहरीले मुख्य अभियुक्त जीतपुरसिमरा उपमहानगरपालिका( १६ का आयुश राईसहित पाँच जनालाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार जीतपुरसिमरा( १६ की ४३ वर्षीया शान्ति राई, ४० वर्षीया सिता थापा मगर, जीतपुरसिमरा( २ का ३० वर्षीय रामबहादुर तिमिल्सिना, २३ वर्षीय रत्न पाखिन तामाङ र पर्सा ठोरी घर भई जीतपुरसिमरा( २ बस्ने ३४ वर्षीया विन्दु तामाङलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएर बारा जिल्ला अदालत कलैयाबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिनुभयो ।

जीतपुरसिमरा( २ स्थित सम्झना स्टाफ होटलमा बसिरहेका खड्कालाई २२ वर्षीय राईले धारिलो चक्कुले घाँटीमा रेटेका थिए । खड्कालाई अस्पताल लगिएपनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

बाँकी तेश्रो पेजमा


## बाराका ३ स्थानीय तह अख्तियार दुरूपयोगसम्बन्धी बढी उजुरी पर्ने 'टप टेन' को सूचीमा

गोकुल घोरसाइने

निजगढ, ४ असोज/अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनअनुसार बारा ३ र पर्साका २ गरी ५ स्थानीय तह अख्तियार दुरुपयोगसम्बन्धी उजूरी पर्ने देशभरिका स्थानीय तहमध्ये 'टप टेन' को सूचीमा परेका छन ।

आर्थिक वर्ष २०८२/८३ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन अनुसार स्थानीय तहविरुद्ध सबैभन्दा बढी उजुरी परेका १० स्थानीय तहको विवरणमा बाराको जीतपुरसिमरा उपमहानगरपालिकासहित सहित बाराको पचरौता नगरपालिका र सुवर्ण गाउँपालिका परेका हुन ।

प्रतिवेदनअनुसार जीतपुरसिमरा उपमहानगरपालिकाविरुद्ध अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ३९ र आर्थिक वर्ष २०८२/८३ मा नयाँ दर्ता भएका १३० गरी कुल १६९ उजुरी रहेका छन् । कुल उजुरीका आधारमा जीतपुरसिमरा उक्त सूचीमा सातौं स्थानमा रहेको छ ।



त्यस्तै, सुवर्ण गाउँपालिकाविरुद्ध अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ३३ र नयाँ दर्ता भएका १३३ गरी कुल १६६ उजुरी रहेको प्रतिवेदनमा उल्लेख छ । नयाँ उजुरीको संख्यामा भने सुवर्ण गाउँपालिका जीतपुरसिमराभन्दा अगाडि रहेको छ ।

पचरौता नगरपालिकाविरुद्ध अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ५३ र आर्थिक वर्ष २०८२/८३ मा नयाँ दर्ता भएका ९५ गरी कुल १४८ उजुरी रहेको छ । कुल उजुरीका आधारमा पचरौता पनि देशभरका बढी उजुरी पर्ने १० स्थानीय तहमध्ये परेको छ ।

अख्तियारले सार्वजनिक गरेको प्रतिवेदनमा पालिकाहरु विरुद्ध परेको उजूरीको शीर्षक भने खुलाइएको छैन

त्यसैगरी पर्साको वीरगञ्ज महानगरपालिका र छिपहरमाई गाउँपालिका पनि धेरै उजुरी पर्ने १० स्थानीय तहको सूचीमा परेका छन । छिपहरमाई गाउँपालिकाविरुद्ध २०८१ सालसम्म ५२ र आर्थिक वर्ष २०८२/८३ मा १९३ गरी हालसम्म २४८ उजूरी परेका छन् । यस्तै, वीरगञ्ज महानगरपालिकाविरुद्ध २०८१ सालसम्म २५ र २०८२/८३ मा १२७ गरी कुल १५२ उजूरी परेको तथ्याङ्कमा उल्लेख छ । प्रतिवेदनमा काठमाडौं महानगरपालिकाविरुद्ध सबैभन्दा बढी ४४१ उजूरी परेको उल्लेख छ। पोखरा महानगरपालिका त्यसपछि रहेको छ भने धनुषाको विदेह नगरपालिका र पर्साको छिपहरमाई गाउँपालिका पनि उच्च उजूरी पर्ने स्थानीय तहमा देखिएका छन् ।

प्रतिवेदन अनुसार जनकपुरधाम उपमहानगरपालिका र सिराहा नगरपालिका पनि उच्च उजूरी पर्ने १० स्थानीय तहको सूचीमा छन् ।

एउटै भौगोलिक क्षेत्रमा बारा र पर्साका पाँच स्थानीय तह उच्च उजूरीको सूचीमा पर्नुले स्थानीय तहको सेवा प्रवाह, विकास निर्माण, योजना कार्यान्वयन, प्रशासनिक निर्णय तथा आर्थिक व्यवस्थापनबारे नागरिकका गुनासो रहेको सङ्केत गरेको छ ।

यद्यपि उजूरीको सङ्ख्या मात्रका आधारमा सम्बन्धित स्थानीय तहमा भ्रष्टाचार वा अनियमितता भएको निष्कर्ष निकाल्न नमिल्ने अख्तियारको अनुसन्धान प्रक्रियाको प्रकृतिले पनि स्पष्ट गर्छ । उजुरीमाथि प्रारम्भिक छानबिन, अनुसन्धान र प्रमाणका आधारमा आयोगले सो विषयको टुंगो लगाउन भने बाँकी नै छ ।

आयोगले प्रतिवेदन २०८३ असोज १ गते राष्ट्रपति समक्ष पेस गरेको हो ।

## वीरगञ्जको मेनरोडमा सडकको मापदण्ड १५/१५ मिटरमात्रै कायम गर्न माग



वीरगञ्ज, ४ असोज/त्रिभुवन राजपथ अन्तर्गत पर्ने वीरगञ्जको मेनरोड (मुख्य सडक) विस्तार कार्यको विरोध जनाउँदै घरधनीहरुले पुर्नविचार गर्न सरकारसगँ माग गरेका छन् ।

त्रिभुवन राजपथ अन्तर्गत पर्ने वीरगञ्जको गण्डकदेखि मितेरी पुलसम्मको करिब ८ किलोमिटर मुख्य सडक दायाँ(बायाँ २५/२५ मिटर गरी कूल ५० मिटर चौडाँ गर्ने कार्य सडक विभागले जारी राखेकै बेला सडक सीमा क्षेत्रभित्र परेका घरजग्गाधनीहरुले राजमार्गको मापदण्डबारेमा विद्यामान व्यवस्थामाथि पुर्नविचार गरी मुख्य सडक १५/१५ मिटर गरी ३० मिटरमात्रै चौडाँ गर्न माग गरेका हुन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघको सभाकक्षमा आयोवित कार्यक्रममा मुख्य सडक क्षेत्रका घरजग्गाधनी र व्यपारीहरुले विद्यमान ५० मिटर सडक क्षेत्राधिकार पुनरावलोकन गरी घना बजार क्षेत्रमा दुवैतर्फ १५/१५ मिटर अर्थात् कुल ३० मिटर मात्रै सडक मापदण्ड कायम गर्न सरकारसँग माग गरेका हुन् ।

उनीहरुले सडक विभागले सडकको मध्यभागबाट दुवैतर्फ २५/२५ मिटर क्षेत्रभित्र पर्ने घर, टहरा, व्यवसायिक भवन लगायतका संरचना डोजर लगायत हटाउन थालेपछि वीरगञ्ज बजारका सयौं परिवार सुकुम्बासी हुन पुगेको बताए ।

सडक विभागले जारी राखेको सडक विस्तारका क्रममा १ हजार २ सयभन्दा बढी घर तथा भवनमा क्षति पुगेको तथा वीरगञ्ज बजारको व्यपारव्यवसाय धराशायी बनेको उनीहरुको गुनासो छ ।

घरधनी सुमन क्यालले वीरगञ्जको बजार क्षेत्रको ऐतिहासिक अवस्था, बस्तीको स्वरूप र हालको यातायात संरचनालाई ध्यानमा राखेर सडकको मापदण्ड निर्धारण गर्नुपर्ने बताउनुभयो । त्रिभुवन राजपथको एलाइनमेन्ट परिवर्तन भइसकेको अवस्थामा घना बजारभित्र पुरानै राजमार्गको मापदण्ड लागू गर्नुको औचित्यमाथि पुनर्विचार आवश्यक रहेको उहाँको भनाइ थियो ।

वीरगञ्जका पूर्व मेयर विजयकुमार सरावगीले आफ्नो कार्यकालमा महानगरपालिकाले समेत बजार क्षेत्रको वास्तविक अवस्था अध्ययन गरी सडकको चौडाइ दायाँ( बायाँ १५/१५ मिटर मात्रै कायम गर्न

बाँकी तेश्रो पेजमा

## बारामा ७ लाखभन्दा बढीको अवैध सामान तथा सवारीसाधन बरामद

कलैया, ४ असोज/सशस्त्र प्रहरीले बाराको विश्रामपुर गाउँपालिका १ कल्याणपुरस्थित सीमा क्षेत्रबाट आइतबार भन्सार छलीका अवैध सामान तथा सवारीसाधन बरामद गरेको छ ।

भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट (बीओपी) बरैनियाबाट खटिएको गस्ती टोलीले कुरकुरे, सुर्ती, जुत्ता र लत्ता, कपडालगायतका विभिन्न किसिमका सामानहरू नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वाटर बाराका सूचना अधिकारी तथा सशस्त्र प्रहरी नायव उपरीक्षक विक्रम मणि अधिकारीका अनुसार सोही क्रममा तस्करले प्रयोग गरेका दुई थान साइकल, एक थान मोटरसाइकल र एक थान स्कुटरसमेत सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ

बरामद गरिएका सम्पूर्ण सामान तथा सवारीसाधनको कुल अन्दाजी मूल्य सात लाख ९५ हजार पाँच सय रुपैयाँ रहेको छ। पक्राउ परेका अवैध सामान तथा सवारीसाधनहरूलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाउने प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

## काँग्रेस निजगढको सभापतीमा सूर्य घलानको उम्मेदवारी घोषणा

निजगढ, ४ असोज/नेपाली काँग्रेसको १५औं अधिवेशनमा निजगढ नगरको सभापतीको लागि सूर्य घलालले उम्मेदवारी घोषणा गर्नुभएको छ ।

निजगढ ९ स्थित होटल राजमार्गमा आज पत्रकार सम्मेलनमार्फत घलानले निजगढ नगर सभापतीमा उम्मेदवारी घोषणा गर्नुभएको हो ।

पत्रकार सम्मेलनमा घलानले १३ बुँदे प्रतिबद्धतापत्रसमेत सार्वजनिक गर्नुभएको छ । घलानले सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा कार्यकर्ताको सम्मान र संरक्षणको लागि हरेक क्रियाशील सदस्य तथा कांग्रेस




कार्यकर्ताको भावना र योगदानको सम्मान गर्ने, वडा तहदेखि संगठन सुदृढीकरणको लागि नगरका सबै वडामा नियमित संगठनात्मक गतिविधि सच्चालन गरी पार्टी संरचनालाई सक्रिय बनाउने, युवा सहभागिता र नेतृत्व विकासमा युवालाई अवसर, जिम्मेवारी र नेतृत्व विकासका लागि विभिन्न कार्यक्रममा प्राथमिकता दिने जनाउनुभएको छ ।

त्यसैगरी पार्टी संगठनमा महिला सहभागिता बढ़ाउन पार्टीका हरेक गतिविधि र निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने र महिलाको नेतृत्व तथा क्षमता विकासको लागि वडाहरुमा कार्यक्रम सच्चालन गर्ने, पार्टीभित्र एकता र सहकार्यको लागि गुट उपगुटभन्दा माथि उठेर सबै कांग्रेसजनलाई एउटै संगठनात्मक भावनामा जोडने बताउनुभएको छ । अग्रजहरुको मार्गदर्शन तथा युवाको ऊर्जा र नयाँ सोचलाई एक ठाउँमा ल्याउने पनि उहाँको प्रतिबद्धता पत्रमा जनाइएको छ ।

त्यसैगरी नगरवासीका समस्या र आवश्यकतालाई पार्टीको एजेन्डासँग जोड्दै स्थानीय तहमा प्रभावकारी भूमिका निर्वाह गर्ने, कार्यकर्ताका लागि नियमित राजनीतिक, संगठनात्मक तथा नेतृत्व विकास प्रशिक्षण सच्चालन गर्ने र नेपाली कांग्रेस निजगढ नगरको भातृ तथा शुभेच्छुक संस्था तरुण, नेपाल विद्यार्थी संघ महिला संघ, किसान संघ र दलित संघसंग समन्वय गर्ने तथा विदेशमा रहेका क्रियाशील सदस्यहरुको सुझाव संकलन गर्न अनलाइनबाट सम्पर्क गरेर हरेक तिन महिनामा जुम मिटिङमार्फत सुझाव लिएर काम गर्ने पनि उल्लेख गर्नुभएको छ ।

प्रतिबद्धता पत्रमा हरेक वडा र टोलसम्म संगठन विस्तार गरी नेपाली

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# एमालेको संकट र नेतृत्व हस्तान्तरणको अपरिहार्यता

नेकपा (एमाले) भित्रको आन्तरिक विवाद यतिबेला अत्यन्तै संवेदनशील मोडमा पुगेको छ ।

चुनावी पराजय र युवा पुस्ता (जेन(जी) को बढ्दो असन्तोषपछि पार्टीभित्र नीति र नेतृत्व पुनर्गठनको बहस पेचिलो बनेको छ । पार्टी पुनर्जागरणका लागि महासचिव शंकर पोखरेल पक्षले अघि सारेको विशेष महाधिवेशन र नेतृत्व परिवर्तनको प्रस्ताव तथा संयोजक रामबहादुर थापा 'बादल' पक्षको यथास्थितिवादी प्रतिवेदनबीचको टकरावले एमालेलाई वैचारिक गतिरोधतर्फ धकेलेको छ ।

यो नेतृत्वदायी असमभ्रूदारीले केन्द्रीय कमिटीलाई मात्र अनिर्णयको बन्दी बनाएको छैन, बरु भुइँतहका कार्यकर्तामा समेत चरम निराशा पैदा गरेको छ ।

यस संगठनात्मक गतिरोधको मुख्य केन्द्रमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको लामो कार्यकाल र कार्यशैली रहेको छ। विगतका राजनीतिक संकटहरूमा ओलीले देखाएको दृढता र योगदान प्रशंसनीय भए तापनि वर्तमान समयको माग र बदलिँदो सामाजिक मनोविज्ञानलाई उहाँले नजरअन्दाज गर्न मिल्दैन ।

आजको राजनीतिले केन्द्रीकृत शक्तिको साटो नयाँ सोच, ऊर्जा र गतिशील नेतृत्वको माग गर्दछ । एमालेलाई पुनर्जीवित गर्न र नयाँ पुस्तासँग जोड्नका लागि अध्यक्ष ओलीले अब पद छाड्नै पर्छ । उहाँले उदारतापूर्वक नेतृत्व हस्तान्तरण गरी मार्गप्रशस्त गर्दा मात्रै पार्टीमा लोकतान्त्रिक र सहज नेतृत्व विकासको ढोका खुल्नेछ ।

कुनै पनि राजनीतिक दलको भविष्य व्यक्तिको निरन्तरतामा होइन, विचारको परिमार्जन र समयसापेक्ष नेतृत्व रूपान्तरणमा अडिएको हुन्छ । यदि एमालेले नेतृत्व जोगाउने दाउपेचलाई मात्र प्राथमिकता दिइरह्यो भने यो ऐतिहासिक पार्टी अझ गहिरो संकटमा फस्ने निश्चित छ ।

आगामी केन्द्रीय कमिटी बैठकले कुनै कर्मकाण्डी सहमतिमा नअल्झी नेतृत्व परिवर्तनको साहसिक निर्णय लिन सक्नुपर्छ । अध्यक्ष ओलीले पदबाट राजीनामा दिएर अभिभावकीय भूमिकामा रहनु नै पार्टीको बृहत्तर हित र उहाँको आफ्नै राजनीतिक उचाइका लागि पनि एउटा उत्तम विकल्प हुनेछ ।


# सम्पन्नताको छोटो बाटो

सदाचारको पालनाले राज्यमा शान्ति छाउँछ

अनुत्पादक खर्च कटौती गरी मितव्ययिता अपनाउनु जरुरी

पुराना बन्द उद्योग पुनः सञ्चालनमा ल्याउनु आवश्यक

सुरक्षित राजमार्ग र बस्ती विकासको आवश्यकता बढ्यो



डा. प्रेमराज न्यौपाने

सदाचार र नैतिक आचरणको पालना, मितव्ययी राज्यको निर्माण, पुराना तथा नयाँ उद्योग र खानीको सञ्चालनमार्फत देशको उन्नति गर्ने विषय यस लेखमा प्रस्तुत गरिएको छ । प्रकृतिले दिएका अमूल्य खनिज सम्पदाको सही सदुपयोग, सुरक्षित पूर्वाधार विकास तथा सामूहिक प्रतिबद्धताबाट मात्र समृद्ध राष्ट्रनिर्माण गर्न सकिन्छ ।

### सदाचारको पालना

आगोले पोलेकोमा पानीले शीतलता दिए जसरी दुराचारीले दिएको पीडामा सदाचारीका दया करुणाले शीतलता दिन थाल्छ । सदाचारको पालना भयो भने मानव सुमेरु सगरमाथा जस्तो उचा, सागर जस्तो विशाल हुन सक्छ । गलत कार्य गर्नेवाला दुःखित भई कान्तिहीन हुन्छ भने सत्कार्य गर्नेवाला पीडारहित हुनाले कान्तियुक्त देखिन थाल्छ। सिंहको अगाडि जनावर नतमस्तक भए जसरी ज्ञानी गुणी सदाचारीसामु सबै नतमस्तक हुन्छन् । ईर्ष्या द्वेषरूपी विषय सदाचारको पालनाबाट दया करुणाको अमृतमा रूपान्तरण हुन्छन् । यसर्थ राज्य उत्थानका लागि पहिलो आवश्यकता अनुशासित र सदाचारको पालना गर्ने असल नागरिक बनाउनु हो ।

### सदाचार र नैतिक आचरण

अरूको वस्तु नलिनु अपरिग्रह हो भने कसैसँग शत्रुता नगर्नु अवैर हो । वैरले वैर शान्त हुँदैन । वैर शान्त गर्न अवैरको पालना गर्नु पर्छ । प्रतिशोध गर्न थाल्यो भने अर्कोले पनि प्रतिशोध लिएरै छाड्छ। आक्रोशले, प्रतिशोधले, परिग्रहले शान्ति सद्भाव खलबलिन्छ, विकास अवरुद्ध हुन्छ ।

देश निकाला भएपछि दरबारमा चोरी गर्न पसेका कालिदास जे सामान चोर्दा पनि राज्यको नोक्सान हुने र जनताले दुःख पाउने कुरा देख्छन् र केही पनि नचोरी फर्कन्छन्। सदाचारको, अपरिग्रहको ज्ञान भएपछि राज्यको अहित हुने कार्य गर्न मानिस कालिदास जसरी डराउन थाल्छ। राज्य उत्थानका लागि सबैले सदाचार र अपरिग्रह पालना गर्नु जरुरी हुन्छ ।

यसका लागि सबै तहका राष्ट्रसेवक, सरकारमा रहेका विशिष्ट व्यक्तित्व, राजनेता, राजनीतिज्ञ, शिक्षक शिक्षिका, पत्रपत्रिका तथा मिडियाकर्मी, उद्योगी व्यवसायी, आमजनता सबै सदाचारी हुन जरुरी हुन्छ । सबैले सदाचारको तालिम लिन अनिवार्य हुन्छ । अहिले दुराचार मौलाएको र सदाचार ओइलाएको हुनाले सरकारलाई पनि काम गर्न सजिलो छैन । गुणतिर भन्दा दोष खोतलेर उजागर गर्न सबै लागि पर्छन् । गुण केलाउने, गुणको चर्चा परिचर्चा गर्नेभन्दा दोष खोतलेर होहल्ला मच्चाउने चलन चलेको छ अहिले । सदाचार र नैतिक आचरणको विकास भएपछि द्रोह गर्न छाडेर मानिस सत्कार्यमा लाग्छ । पैसा लिनु मात्र भ्रष्टाचार हैन अरूलाई दुःख दिनु, द्रोह गर्नु, डाह गर्नु पनि भ्रष्ट आचार हो । यस्तो झगडा प्रतिशोधको जुहारी पतनको द्वार हो भने सबैसँग सौहार्दपूर्वक हातेमालो गर्न सक्नु राज्य उत्थानको द्वार हो । रक्तबीज बढे जसरी मौलाएको दुराचार मेलमिलाप सहिष्णुताबाट घट्न थाल्छ। सदाचारको तालिम सञ्चालन गरेर नैतिक आचरण विकास गर्न सकिन्छ । यसरी सबैमा नैतिक आचरणको विकास भयो भने अनैतिक कार्य मानिसले गर्नै सक्दैन ।

अपरिग्रह र नैतिक आचरणको विकास भएपछि गलत कार्य गर्न मानिसलाई डर लाग्न थाल्छ । नैतिक आचरणमा सदाचार मौलाउन थालेपछि दुराचार भ्रष्टाचार आफैँ घट्दै जान थाल्छ। यसर्थ सदाचार, नैतिक आचरण विकास गर्नु राज्यको अर्को महत्वपूर्ण कार्य हो ।

### मितव्ययी राज्य

ऋण, अग्नि र शत्रुको शेष बढ्दै जाने हुनाले यिनको शेष राख्नु हुँदैन भनिएको छ । सानो अग्निले जङ्गल जलाए जसरी, शत्रुले कार्य विफल बनाए जसरी ऋणले राष्ट्रको उन्नति विफल पार्छ । विकासनिर्माणमा प्रयोग हुने धनराशि ऋणको ब्याज बुझाउन खर्च हुन्छ । यसर्थ राष्ट्र बैङ्कको आन्तरिक स्रोतबाटै पनि ऋणको भारी बिसाउन जरुरी छ भने अनुत्पादक फजुल खर्च घटाउन त्यतिकै जरुरी छ । खर्च घटाएर उत्पादनशील क्षेत्रमा विकासनिर्माणमा रकम प्रयोग हुन थालेपछि विकासको लहर आउने छ ।

लाखौँ तारा गणलेभन्दा एक चन्द्रमाले अन्धकार नासे झैं होहल्ला मच्चाउने मूर्ख धेरैभन्दा ज्ञानी गुणी थोरै असल सन्तान हुनु राम्रो हुन्छ भनिएकाले अहिलेको जम्बो सदनको सङ्ख्या कटौती र प्रदेश संरचना हटाई मितव्ययिता अपनाउनु पनि राज्यको प्रमुख दायित्व हो ।

### उद्योग सञ्चालन

उद्योग सञ्चालनबाटै विकासले गति लिन थाल्छ भने रोजगारीका अवसरसमेत बढ्न थाल्छन् । पहिल्यै सञ्चालन भई अहिले बन्द रहेका पुराना उद्योगका संरचना र पूर्वाधार यथावत् हुनाले सानै लगानीबाट तिनीहरू सञ्चालनमा ल्याउन सकिने सम्भावना छ। कागज कारखाना, टायर कारखाना, कपडा उद्योग, चिनी उद्योग, जस्ता धेरै उद्योग पुनः सञ्चालनमा ल्याउन सकिन्छ भने पर्यटन व्यवसायका, जडीबुटी प्रशोधनका, परफ्युम उत्पादन गर्ने, गरगहना उत्पादन, सौर्य ऊर्जा, सौर्य उपकरण, औषधी उत्पादन, खाद्यान्न तथा फलफूल प्रशोधनका विविध उद्योग सञ्चालन गर्न सकिने प्रबल सम्भावना छ । गुणस्तरीय सामान उत्पादन हुन सक्यो भने दुई विशाल छिमेकी मुलुकमा नै सामान खपत हुन सक्ने छ ।

लोड सल्लोबाट क्यान्सरको औषधी बनाउन सकिन्छ । विश्व बजारमा यसको ठुलो माग छ भने यार्चागुम्बा, पाँचऔँले, सिलाजित जस्ता जडीबुटीबाट दीर्घजीवन प्राप्त हुने बहुमूल्य औषधी बनाउन सकिन्छ । यहाँका जडिबुटीको विश्व बजारमा ठुलो माग छ । फूलहरूबाट मूल्यवान् परफ्युम बनाई विश्व बजारमा बिक्री गर्न सकिन्छ। सुन, हिरा, मोतीका गहना अत्यन्तै महँगा हुन्छन् । गरगहनाका सौखिनहरू महँगो मूल्यका यस्ता शृङ्गारका सामग्री र गरगहना खरिद गर्छन् । देख्दा साना तर अत्यधिक आय हुने यस्ता उद्योग सञ्चालन गरेर राज्यको ढुकुटी बलियो बनाउन सकिन्छ भने रोजगारी पनि सिर्जना गर्न सकिन्छ

### राजमार्ग तथा बस्ती विकास

विसं २०८३ भदौ १० गते भोटेकोशीमा आएको प्रलयकारी बाढीले जनधनको अकल्पनीय क्षति गरेको छ भने यस्तो हृदयविदारक महाप्रलयको पीडाले देश शोकमा डुबेको छ। आउँदा दिनमा यस्ता प्रलयबाट जोगिन सतर्कता अपनाई यसले दिएको सन्देश अनुरूप सजगता अपनाउन जरुरी छ। विश्वको तापमान बढ्ने क्रममा रहेकाले फेरि पनि यस्ता प्रलयकारी घटना नहोलान् भन्न सकिँदैन । हिमाल पग्लदै छ भने समुद्रमा कहीँ तातो बढ्दै छ । कहीँ समुद्र सुक्न थालेको छ । यस्ता प्रलय किन हुन्छन् । प्रलयमा कसरी जोगिन सकिन्छ धर्तीको तापमान सन्तुलित राख्न मानवले के गर्नु पर्छ भन्ने विषयमा अलकापुरी सभा पुस्तकमा विशेष चर्चा गरिएको छ । प्रकृतिको भाषा बुझेर राज्यले होसियारी र सजगता अपनाउन जरुरी छ । अब बन्ने राजमार्ग यस्ता प्रलयबाट क्षति नहुने गरी बनाउनु पर्छ । राजमार्गसँगै बस्तीको विकास हुने हुनाले टतीय क्षेत्रका बस्ती विकासमा पनि विशेष सावधानी अपनाउन त्यत्तिकै जरुरी छ ।

पृथ्वी राजमार्गमा सवारीसाधनको चाप अत्यधिक बढेको हुनाले आउँदा दिनमा अर्को पनि वैकल्पिक राजमार्ग बनाउनुपर्ने देखिन्छ। अब बन्ने राजमार्ग यस्ता प्रलयकारी बाढीपहिरोबाट सुरक्षित हुने गरी नदीभन्दा उच्च स्थानमा बनाउनु पर्छ भने टतीय क्षेत्रका बस्ती र बजार पनि उच्च स्थानमा नै रहनु पर्छ ।

छिमेकी मुलुक भारततर्फको आवागमन सहज भए पनि छिमेकी मुलुक चीनतर्फको आवागमन अत्यन्तै कठिन छ। विशाल पहाडका खोचबाट नदी किनारमा बनेका कोदारी, रसुवागढी जस्ता राजमार्ग अत्यन्तै विकट छन् । पटक पटक बाढीपहिरोको क्षति भोग्नु परेको छ। यसर्थ उत्तरतर्फको आवागमन सहज बनाउन सुरक्षित नाका पहिल्याई तीन/चार वटा फराकिला राजमार्ग निर्माण गर्न जरुरी छ। दुवै मुलुकतिर आवागमन सहज भएपछि व्यापार व्यवसाय गर्न, विकास गर्न सजिलो हुने छ। यतातिर राज्यको ध्यान जान जरुरी छ । राजधानी सहर र अन्य ठुला सहरमा फ्लाइओभर ब्रिज निर्माण गर्न जरुरी छ भने राजधानी सहरमा विद्युत् ट्रेन सञ्चालन गरी सवारी चाप व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

### खनिज द्रव्यको भण्डार

प्रकृतिले दिएको खनिज द्रव्यको विशाल भण्डार हामीसँग छ । यो अनमोल सम्पदातिर राज्यको ध्यान जान सकेको छैन । राज्यले खनिज उत्पादनलाई पहिलो प्राथमिकता दिनु पर्छ । नदीको बालुवा चाल्दा सुन निस्कन्छ। नदी सुनखानी हुँदै बगेकाले बालुवामा सुन पाइएको हो। सुन पाइने हुनाले स्थानीय बासिन्दाले बालुवा चालेर सुन निकाल्ने गरेका छन् । एक जनाले दिनमा दुई/तीन लालसम्म सुन निकाल्न सक्छ। यसरी खुला आँखाले सुन देख्न पाउनु हामी सबैको सौभाग्य हो। अरबी मुलुकहरू तेल बेचेर धनी भए जसरी हामी सुन बेचेर धनी हुन सकिन्छ । तोलाको लाखौँ पर्ने सुन खुला आँखाले नै देखिएको छ । ढुक्कसँग उत्खनन प्रशोधनको कार्य गर्न सकिन्छ । सुन भेटिँदैन कि भनेर डराउनु पर्दैन ।

यस्तो बहुमूल्य धातु उत्खनन प्रशोधन गर्ने कार्यलाई राज्यले पहिलो प्राथमिकता दिनु पर्छ । यो अनमोल सम्पदा, यो बहुमूल्य धातु, उत्खनन गर्ने कार्य मकै बाँडे जसरी प्राइभेट पार्टीलाई दिनु हुँदैन। उत्पादन भएपछि रातारात कहाँ पुग्छ कसैलाई थाहा हुँदैन । देश कङ्गालको कङ्गाल रहन्छ । ढुङ्गाखानी, मार्बलखानी, कोइलाखानी, तामाखानी, फलामखानी, जस्ता खानी निजी कम्पनीलाई दिन सकिन्छ तर यस्तो बहुमूल्य सम्पदा निजी कम्पनीलाई जिम्मा लगाउनु हुँदैन। युरेनियम, सुन, हिरा जुहारतका खानी सञ्चालन राज्यले नै गर्नु पर्छ। सम्बन्धित विभाग मन्त्रालय र सेनाको प्रत्यक्ष सहभागितामा यस्ता बहुमूल्य खानी सञ्चालन हुनु पर्छ । यसो गरेपछि राज्यको ढुकुटी छिट्टै बलियो हुने छ । प्रकृतिले दिएको यो अनमोल सम्पदाको उत्खनन प्रशोधन कार्य जतिसक्दो चाँडो गर्न राज्य लाग्नु पर्छ। बाहिरबाट खर्बौंको सुन भित्रिने गरेको छ । सुनखानी सञ्चालन भयो भने बाहिर जाने खबौं सम्पत्ति जोगिने छ भने बिक्री वितरणबाट खबौं रकम ढुकुटीमा जम्मा हुने छ। यस्तो अनमोल निधि संरक्षण संवर्धन गर्न छाडेर सानातिना कुराको झगडामा अलमलिएका हामी राष्ट्रहितका अहम् सवालमा एकजुट हुन जरुरी छ ।

**साभार:गोरखापत्र**



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ ।

# नेपालमा चक्रवातको प्रभाव : ठूलो वर्षाको सम्भावना

काठमाण्डौं,४ असोज/बङ्गालको खाडीमा तीव्र गतिमा विकसित भइरहेको न्यून चापीय प्रणालीले नेपालमा पनि ठूलो प्रभाव पर्ने देखिन्छ ।


अहिले मनसुनको उत्तरार्धको समय पनि हो । सेप्टेम्बर(अक्टोबरतिर बङ्गालको खाडीमा यस्ता प्रणाली विकसित हुनु सामान्य भए पनि यस पटकको प्रणाली तुलनात्मक रूपमा ठूलो भएकाले प्रभाव धेरै पर्न सक्ने देखिन्छ ।

चक्रवात कुन दिशातर्फ अघि बढ्छ र त्यसको गति कस्तो हुन्छ भन्ने आधारमा नेपालमा पर्ने वर्षाको मात्रा र क्षेत्र निर्धारण हुन्छ । प्रणाली पश्चिम( उत्तर दिशातर्फ अघि बढ्दै गएमा नेपालमा यसको प्रभाव बढ्न सक्छ ।

नेपाल चक्रवातको केन्द्रमै नपरे पनि त्यसको बाहिरी भागको प्रभावका कारण ठूलो वर्षा हुन सक्ने देखिन्छ । यो प्रणाली मनसुनी गतिविधिकै नियमित प्रक्रियाअन्तर्गत पर्ने भए पनि यस पटक तुलनात्मक रूपमा ठूलो घटना भएकाले धेरै प्रभाव पार्न सक्छ ।

विभिन्न मौसम पूर्वानुमान मोडलले प्रणालीको प्रभाव पर्ने क्षेत्रबारे फरक( फरक परिदृश्य देखाइरहेका छन् । कुनै मोडलले पूर्वी नेपालमा धेरै वर्षा हुने देखाएको छ भने कुनैले मध्य वा पश्चिम नेपालमा धेरै प्रभाव पर्ने सङ्केत गरेको छ । तर समग्र पूर्वानुमान हेर्दा प्रणालीको प्रभाव नेपालको दक्षिणी भूभागतर्फ धेरै केन्द्रित हुने देखिएको छ ।

विशेषगरी तराई, चुरे तथा महाभारत आसपासका क्षेत्रमा धेरै वर्षा हुन सक्ने सम्भावना छ । लुम्बिनी क्षेत्रसहित तराईका केही भागमा प्रणाली जुन दिशाबाट आए पनि उल्लेख्य वर्षा




हुन सक्ने सम्भावना छ ।

नेपालमा कति वर्षा हुन्छ भन्ने निर्धारणमा प्रणालीको गति पनि महत्त्वपूर्ण हुने देखिन्छ । यो प्रणाली बिस्तारै अघि बढेमा धेरै दिनसम्म लगातार वर्षा हुन सक्छ । तर तीव्र गतिमा अघि बढेमा छोटो समयमा धेरै पानी पर्ने सम्भावना हुन्छ । छोटो समयमा अत्यधिक वर्षा हुँदा बाढी, डुबान र पहिरोजस्ता विपद्को जोखिम धेरै हुन सक्छ ।

अहिले प्रणालीको मार्ग र गति पूर्णरूपमा स्पष्ट भइसकेको छैन । आउँदो एक(दुई दिनमा यसको अवस्था अझ स्पष्ट हुँदै जाने र बिहीवारसम्ममा नेपालमा पर्ने सम्भावित प्रभावबारे थप यकिन गर्न सकिएला ।

नेपालमा यसअघि नै ठूलो बाढी र पहिरोबाट प्रभावित क्षेत्रहरूमा नयाँ वर्षाले थप जोखिम निम्त्याउन सक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने त छ नै । विशेषगरी बाढी, डुबान र पहिरोको जोखिम भएका क्षेत्रमा अनावश्यक आवतजावत नगर्न तथा यात्राका क्रममा सावधानी अपनाउन आवश्यक छ ।

यसअघि भल, बाढी र पहिरोको जोखिम देखिएका क्षेत्रमा थप वर्षाले जोखिम बढाउन सक्ने भएकाले त्यस्ता ठाउँबाट टाढा जानुपर्छ । प्रणालीको प्रभावका कारण तराई क्षेत्रमा डुबानको जोखिम पनि बढ्न सक्ने देखिन्छ ।

दुई(तीन दिनको अवधिमा ५ सयदेखि ७ सय मिलिमिटरसम्म वर्षा हुने सम्भावनालाई समेत ध्यान दिनुपर्ने अवस्था छ । यति ठूलो मात्रामा छोटो अवधिमा वर्षा भएमा तराईका होचा तथा डुबानको जोखिम भएका क्षेत्रमा ठूलो पानी जम्ने र जनजीवन प्रभावित हुन सक्ने देखिन्छ ।

धान भित्र्याउने समय नजिकिँदै गए पनि अहिले नै हतार गरेर बाली भित्र्याउनुपर्ने अवस्था छैन । तर कतिपय क्षेत्रमा धान पाकिसकेको भए मौसमको अवस्था हेरेर मात्र बाली भित्र्याउने वा अन्य व्यवस्थापन गर्न आवश्यक छ ।

## एमाले पार्टी पुनर्गठनसम्बन्धी कार्यदलको प्रतिवेदन तयार

काठमाण्डौ ४ असोज/नेकपा एमालेको चुनाव समीक्षा तथा पार्टी पुनर्गठनसम्बन्धी कार्यदलले सर्वसम्मत रूपमा प्रतिवेदन तयार गरेको छ । तर बहुप्रतीक्षित मानिएको 'नेतृत्व पुनर्गठन वा परिवर्तन' को विषय भने प्रतिवेदनमा समावेश गरिएको छैन ।

आज ललितपुरको च्यासलमा रहेको पार्टी केन्द्रीय कार्यालयमा बसेको कार्यदलको बैठकले साझा प्रतिवेदनलाई अन्तिम रूप दिएको हो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै एमाले सचिव पद्मा अर्यालले बदलिँदो जनमनोविज्ञान, पार्टीले सामना गरिरहेका चुनौती र एमालेलाई एकताबद्ध बनाएर अघि बढाउने विषयमा गम्भीर छलफल भएको बताउनुभयो ।

यसअघि विभिन्न नेताहरूले छुट्टाछुट्टै प्रतिवेदन ल्याएको भन्ने चर्चामा सत्यता नभएको भन्दै सचिव अर्यालले ती अलग(अलग प्रतिवेदन नभई मस्यौदा मात्र भएको बताउनुभयो । कार्यदलका संयोजक रामबहादुर थापा 'बादल' ले पेश गरेको मस्यौदामा आवश्यक थपघट र परिमार्जन गरेर सर्वसम्मत साझा दस्तावेज तयार गरिएको उहाँको भनाइ छ ।

सचिव अर्यालले कार्यदलले नेतृत्व पुनर्गठनको विषय प्रतिवेदनमा प्रवेश नगराएको प्रष्ट पार्नुभयो । कार्यदलले तयार पारेको साझा प्रतिवेदन आजै बस्ने पार्टी सचिवालय बैठकमा पेश हुनेछ । सचिवालयले नै प्रतिवेदनमाथि छलफल गरी थप निर्णय गर्ने बताइएको छ ।









## देवानगञ्ज घटना : घाइते यादवको शरीरबाट गोली निकालियो

काठमाण्डौ ४ असोज/सुनसरीको देवानगञ्जमा गोली प्रहारबाट घाइते भएका २४ वर्षीय निरजकुमार यादवको शल्यक्रिया गरी शरीरबाट गोली निकालिएको छ ।

देवानगञ्ज गाउँपालिका( १ मध्यहर्षाहीमा रहेको बीपी चोकमा शनिवार बेलुकी गोली प्रहारबाट घाइते भएका यादवको विराटनगरमा रहेको नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । उहाँको आज शल्यक्रिया गरी गोली निकालिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले बताउनुभयो ।

यादवको कम्मरमुनिको दायाँ तिघ्रामा गोली लागेको छ । उहाँ हरिनगर बजारबाट मोटरसाइकलमा घर फर्किने क्रममा लक्ष्मीनारायण मन्दिर अगाडि गोली प्रहारबाट घाइते हुनुभएको थियो ।

घटनापछि प्रहरीले देवानगञ्ज गाउँपालिका( २ का १८ वर्षीय विष्णुकुमार यादव र २६ वर्षीय जयकृष्ण यादवलाई पक्राउ गरेको थियो । यस घटनामा संलग्न अअरू व्यक्तिको खोजी भइरहेको सूचना अधिकारी खड्काले बताउनुभयो ।

युवतीको विषयलाई लिएर युवाबीच भएको विवादबाट उत्पन्न रिसइबीका कारण घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

### वीरगञ्जको मेनरोडमा...

सरकारलाई सिफारिस गरेको पनि जानकारी गराउनुभयो ।

घरजग्गाधनीहरूले स्थानीय सरकारको सिफारिस, नागरिकको सम्पत्ति स्वामित्व र सामाजिक(आर्थिक प्रभावलाई ध्यानमा राखेर सडक विस्तार अघि बढाउन माग गरेका छन् । उनीहरुकाअनुसार धेरै प्रभावित घरजग्गा व्यक्तिको नाममा लालपुर्जा कायम हुनुका साथै लामो समयदेखि कर तथा अन्य सरकारी शुल्कसमेत तिर्दै आएका छन् । यस्तो अवस्थामा घर र भवनहरु डोजर लगाएरु भत्काउँदा स्पष्ट कानुनी प्रक्रिया, क्षतिपूर्ति र पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ

### सिमरा चक्कुप्रहार...

प्रत्यक्षदर्शीका अनुसार खड्का होटलमा बसिरहेका बेला मदिराले मातिएर राईसहित अन्य दुई युवा होटलमा आएका थिए । उनीहरुबीच के विवाद भएको भन्ने खुलेको छैन । अचानक राईले भान्सामा रहेको चक्कु ल्याएर राईको घाँटी रेटेर भागेका थिए

घटनापछि फरार भएका राईलाई प्रहरीले जीतपुरसिमरा( १६ स्थित स्थानीयको धान खेतमा लुकेको अवस्थामा घटनाको पाँच घण्टामै पक्राउ गरेको थियो । राईलाई प्रहरीले धान खेतमा आफ्नै कपडाले मुख छोपेर लुकिरहेको अवस्थामा पक्राउ गरेको हो

घटनास्थलबाट पश्चिममा रहेको जंगलतर्फ फरार भएका राई राजमार्ग निस्किएर जीतपुरसिमरा( १६ को महेन्द्रनगर पुगेको सूचना प्रहरीले पाएको थियो । त्यसअघि उनले आफन्तसँग भाडा लिएको र गाडी चढेर महेन्द्रनगरतर्फ गएको बुझिएको छ ।

महेन्द्रनगरस्थित आफन्तको घरमा लुकेर बसेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्ट (डीएसपी) को नेतृत्वमा प्रहरी टोली पुगेको थियो । प्रहरी आएको थाहा पाएपछि राई उक्त घरबाट भागेर नजिकै रहेको अर्को आफन्तको घरमा पुगेका थिए । त्यहाँ पनि प्रहरी पुगेपछि राई धानखेतमा लुक्ने प्रयास गरेका थिए ।

प्रहरीले धान खेतलाई घेरा हालेर राईलाई नियन्त्रणमा लिन सफल भएको हो । आफन्तले प्रहरीलाई अल्मल्याउने प्रयास गरेपनि अन्ततः राईलाई पक्राउ गर्न सफल भएको प्रहरीको भनाइ छ ।

### काँग्रेस निजगढको...

कांग्रेसलाई आगामी निर्वाचनमा थप मजबुत र लोकप्रिय मतसहित विजयी बनाउने आधार तयार गर्ने र आगामी पाँच वर्षभित्र पार्टी कार्यालयको जग्गा व्यवस्थापन गरी पार्टी कार्यालय खोल्ने तथा पार्टीमा निरन्तर योगदान पुऱ्याउदै आएका ६५ वर्षभन्दा माथिका ज्येष्ठ सदस्य तथा अग्रजहरुलाई सम्मान गर्ने र उनीहरुको अनुभव, ज्ञान र योगदानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले नियमित रुपले 'ज्येष्ठ कांग्रेसजन' सम्मान कार्यक्रम सच्चालन गर्ने पनि पत्रमा जनाइएको छ ।

कार्यक्रममा बोल्दै घलानले आफू सर्वसम्मत नेतृत्व चयनको पक्षमा रहेको र सहमति हुन नसके छुट्टै प्यानल बनाएर चुनाव लड्ने बताउनुभएको छ । 'नगर समितिको नेतृत्व सर्वसम्मत रुपमा चयन गरिनुपर्छ भन्ने मेरो धारणा छ, उहाँले भन्नुभयो, त्यसो हुन नसके लोकतान्त्रिक विधिअनुसार प्यानल नै बनाएर निर्वाचनमा सरिक भइन्छ ।'

नगर सभापती पदका आकांक्षी घलान नेपाली कांग्रेस निकट नेपाल तामाङ्ग संघ मधेस प्रदेश सभापती हुनुहुन्छ भने निजगढ नगरपालिका वडा नम्बर १३ को वडा अध्यक्ष पनि हुनुहुन्छ । घलान वडा अध्यक्ष पदमा लगातार २ कार्यकालको लागि निर्वाचित हुनुभएको हो ।

वडा अधिवेशनबाट सर्वसम्मत नेतृत्व चयन गरेको काँग्रेस निजगढमा घलानको उम्मेदवारीले नगर सभापतीमा भने प्रतिस्पर्धा हुने देखिएको छ । नगर सभापती पदमा ज्ञानबहादुर गोले, भाइकाजी श्रेष्ठले पनि दाबी गर्दैआउनुभएको छ । सभापती पदमा निजगढका १३ वटै वडाका ३३० जना क्षेत्रीय प्रतिनिधिहरुले मतदान गर्ने छन

यसअघि हिजो र आज भएको अधिवेशनबाट निजगढका १३ वटै वडामा सर्वसम्मत नेतृत्व चयन भइसकेको छ ।

काँग्रेस नगर सभापती नवराज तिमल्सिनाका अनुसार वडा अधिवेशनले वडा नम्बर १ को सभापतीमा बुद्ध लोप्चन, वडा नम्बर २ मा रमेश पुलामी, वडा नम्बर ३ को सभापतीमा अर्जुन डासेली, ४ को सभापतीमा बासु चौधरी र वडा नम्बर ५ को सभापतीमा दुर्गा दहाल सर्वसम्मत चयन हुनुभएको हो ।

त्यसैगरी वडा नम्बर ६ को सभापतीमा मोहन सापकोटा वडा नम्बर ७ को सभापतीमा चन्द्रिका पुलामी मगर र वडा नम्बर ८ को सभापतीमा रमेश लामा सहित पदाधिकारीहरु पनि सर्वसम्मत चयन भएका छन ।

त्यस्तै अधिवेशनले वडा नम्बर ९ को सभापतीमा अमृत उप्रेती र वडा नम्बर १० मा सिद्धार्थ लोप्चन, वडा नम्बर ११ को सभापतीमा कृष्ण मगर, १२ को सभापतीमा लक्ष्मण थिङ्ग तथा वडा नम्बर १३ को सभापतीमा सुनबहादुर थिङ्गसहित सर्वसम्मत चयन गरेको छ ।

वडा अधिवेशनले वडा कार्यसमिति गठनसँगै महाधिवेशन प्रतिनिधि चयनका लागि क्षेत्रीय प्रतिनिधि पनि चुनेको छ । क्षेत्रीय प्रतिनिधिहरुले क्षेत्रीय अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन गर्नेछन । महाधिवेशन प्रतिनिधिले केन्द्रीय महाधिवेशनबाट कांग्रेसको केन्द्रीय नेतृत्व चयन गर्नेछन् ।

# गणपूरक संख्या नपुग्दा स्थगित फतुवा विजयपुरको नगरसभा स्थगित

रौतहट, ४ असोज/ जनप्रतिनिधिबीचको मतभेदका कारण रौतहटको फतुवा विजयपुर नगरपालिकाले आह्वान गरेको नगरसभा गणपुरक संख्या नपुगेपछि स्थगित भएको छ ।

शनिबार साँझ विजयपुर माध्यमिक विद्यालयमा बोलाइएको नगरसभा सञ्चालनका लागि आवश्यक संख्या पुऱ्याउने प्रयासका बाबजुद गणपूरक संख्या नपुगेपछि सभा स्थगित भएको हो ।

नगरपालिकाका अनुसार ६० सदस्यीय नगरसभाका लागि कम्तीमा ३१ जना सदस्यको उपस्थिति आवश्यक थियो । तर बैठकमा करिब २५ जना मात्रै उपस्थित भएपछि नगरसभा सञ्चालन हुन नसकेको जनाइएको छ ।

नगरपालिकाले साँझ करिब साढे ५ बजे नगरसभा बैठक सञ्चालन गर्ने तयारी गरेको थियो । बैठकका लागि जनप्रतिनिधिहरू विजयपुर माध्यमिक विद्यालयमा भेला भए पनि आवश्यक संख्या नपुगेपछि बैठक अघि बढ्न सकेन । नगरपालिकाको आधिकारिक वेबसाइटमा समेत नगरसभा बैठकमा उपस्थित हुन सूचना जारी गरिएको देखिन्छ ।



फतुवा विजयपुर नगरपालिकाका नगर प्रमुख गोपाल राय यादव निलम्बनमा परेपछि कार्यवाहक नगर प्रमुखको जिम्मेवारी अम्बेया खातुनले सम्हाल्दै आउनुभएको छ । नगरपालिकाको आधिकारिक वेबसाइटमा हाल पनि यादवलाई नगर प्रमुख र खातुनलाई कार्यवाहक नगर प्रमुखका रूपमा उल्लेख गरिएको छ ।

नगरसभा स्थगित हुनुमा जनप्रतिनिधिबीचको राजनीतिक तथा प्रशासनिक मतभेद मुख्य कारण रहेको दुवै पक्षका भनाइबाट देखिन्छ । कार्यवाहक नगर प्रमुख पक्षले नगरपालिकाको कामकारबाही अघि बढाउन नगरसभा आवश्यक रहेको बताउँदै आएको छ ।

अर्कोतर्फ, यादव पक्षका जनप्रतिनिधिहरूले कार्यवाहक नगर प्रमुख नेतृत्वको नगरपालिकाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका छन् । उनीहरू पारदर्शी र विवादरहित वातावरण नबनेसम्म नगरसभा बैठकमा सहभागी नहुने पक्षमा रहेको दाबी गरिएको छ ।

यादव पक्षका जनप्रतिनिधिहरूले नगरपालिकामा अनियमितता भएको आरोप लगाउँदै त्यसको छानबिन र पारदर्शिताको मागसमेत गरेका छन् । यस्ता आरोप भने सम्बन्धित निकायबाट पुष्टि हुन बाँकी छन् ।

फतुवा विजयपुरमा नगरसभा सञ्चालनको विषयमा विवाद यसअघि पनि देखिँदै आएको थियो । गत वर्षसमेत जनप्रतिनिधिबीचको विवाद र आन्तरिक असमझदारीका कारण बजेट तथा नगरसभा प्रक्रिया प्रभावित भएको सार्वजनिक विवरणहरूमा उल्लेख छ ।

यसअघि भदौ २७ गतेका लागि बोलाइएको नगरसभा पनि विद्युत् महसुल भुक्तानीको ग्यारेन्टीसम्बन्धी मागका कारण प्रभावित भएको समाचार सार्वजनिक भएको थियो। स्थानीयले नगरसभामार्फत नै विद्युत् बिल भुक्तानीको ग्यारेन्टी गर्नुपर्ने माग राखेका थिए ।

नगरपालिकाको आधिकारिक वेबसाइटमा पनि पछिल्ला दिनमा नगरसभा बैठकमा उपस्थित हुन सम्बन्धित नगरसभा सदस्यहरूलाई सूचना जारी गरिएको देखिन्छ ।

नगरसभा गणपूरक संख्या नपुगेर स्थगित भएपछि फतुवा विजयपुरको स्थानीय राजनीति फेरि जनप्रतिनिधिबीचको दूरी र अविश्वासको विषयमा केन्द्रित भएको छ ।

नगरसभा सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रम, बजेट र स्थानीय विकासका निर्णय प्रक्रियामा समेत प्रभाव पर्न सक्ने देखिएको छ ।

# सिंगौलको टाँसीधार्गेलिङ गुम्बामा तीनदिने विश्वशान्ति पूजा हुने



निजगढ, ४ असोज/निजगढ नगरपालिका( ३ स्थित टाँसीधार्गेलिङ बौद्ध गुम्बाको आयोजनामा आगामी असोज २० गतेबाट तीनदिने बज्र किलाया तथा ग्रहदशा विश्वशान्ति पूजा हुने भएको छ ।

गुम्बा स्थापना भएको ४२ वर्षको अवधिमा पहिलोपटक गुम्बाको आयोजनामा विश्वशान्ति पूजा गर्न लागिएको आयोजकले जनाएको छ । आगामी असोज २२ गतेसम्म सञ्चालन हुने पूजाबाट संकलन हुने रकम नवनिर्मित टाँसीधार्गेलिङ बौद्ध गुम्बाको बाँकी निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिने जनाइएको छ ।

पूजा व्यवस्थापनका लागि गुम्बा व्यवस्थापन समितिका अध्यक्ष सुकराम जिम्बा (ज्ञानु) को अध्यक्षतामा बसेको बैठकले १३ सदस्यीय बज्र किलाया तथा ग्रहदशा विश्वशान्ति पूजा समिति सर्वसम्मत चयन गरेको छ ।

समितिको अध्यक्षमा वृषबहादुर जिम्बा, उपाध्यक्षमा सनिता योञ्जन, सचिवमा वीरबहादुर जिम्बा र कोषाध्यक्षमा कर्म मोक्तान चयन हुनुभएको छ । सदस्यहरूमा हिमाली घलान, बधना लामा, धनबहादुर लो, जीवन योञ्जन, माया गोङ्बा, तीर्थमाया मोक्तान, रसिला मोक्तान, कान्छालाल जिम्बा र चन्द्रबहादुर स्याङतान रहनुभएको छ ।

पूजामा प्रमुख गुरु लामा छ्युलठीम दोर्जे लामाले तीन दिनसम्म विश्वशान्ति पूजा गराउनुका साथै बुद्ध धर्मसम्बन्धी प्रवचन दिने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

पूजा समितिका अध्यक्ष वृषबहादुर जिम्बाका अनुसार पूजाको तयारीस्वरूप गुम्बा परिसरमा भोलिदेखि सरसफाइ सुरु गरिनेछ । विश्वशान्ति पूजामा सहभागी भई सहयोग गरिदिन आयोजकले श्रद्धालु तथा स्थानीयवासीलाई आग्रह गरेको छ ।

# रसुवा बाढीमा वेपत्ता जगरनाथपुरका ६ युवाको परिवारलाई वीरगञ्ज महानगरले सहयोग गर्ने

वीरगञ्ज, ४ असोज/रसुवा बाढीमा परी बेपत्ता भएका वीरगञ्जको जगरनाथपुरका ६ जना युवाका परिवारलाई वीरगञ्ज महानगरपालिकाले राहत तथा आवश्यक सहयोग उपलब्ध गराउने भएको छ ।

गत भदौ १० गते आएको विनाशकारी बाढीमा पर्दा वीरगञ्ज( २२ जगरनाथपुरका ६ जना युवा सम्पर्कविहीन भएका छन ।

बाढी आएको लामो समय बितिसक्दा पनि उनीहरूको अवस्था अझै अज्ञात छ । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह र पूर्वमन्त्री प्रदीप यादव आइतबार जगरनाथपुर पुगेर बेपत्ता परिवारसँग भेटघाटगरेका छन् । भेटका क्रममा उनीहरुले परिवारको पीडा, खोजीको अवस्था र भोगेका समस्याबारे जानकारी लिएका थिए ।

मेयर सिंहले यो दुःखद घडीमा महानगरपालिका पीडित परिवारको साथमा रहेको र तत्काल गर्न सकिने सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको छ । पूर्वमन्त्री यादवले पनि पीडित परिवारलाई राज्यका सबै तहबाट सहयोग हुनुपर्ने भन्दै आफ्नो तर्फबाट पहल गर्ने आश्वासन दिनुभयो

बाढीमा परी बेपत्ता हुनेहरूमा साहबुद्दिन मन्सुरी, राहुल मियाँ, सरताज मियाँ, समिम आलम, सर्फराज मियाँ र रिजवान अन्सारी रहेका छन् । उनीहरूमध्ये पाँच जना टिमुरेस्थित मोटरसाइकल ग्यारेजमा काम गर्थे भने एक जना बेत्रावतीको वर्कसपमा कार्यरत थिए । काम गर्न र सिक्न गएका युवाहरू बाढी आएपछि अहिलेसम्म परिवारको सम्पर्कमा आएका छैनन् ।

आफ्ना मान्छेको खोजीका लागि परिवारका सदस्यहरू टिमुरेसम्म पुगेका थिए तर उनीहरूको कुनै पत्तो लाग्न सकेको छैन । भेटिएका शवहरूसँग पहिचान मिलाउन परिवारले डीएनए परीक्षणका लागि रगतको नमुनासमेत बुझाइसकेका छन् ।



बाढीमा परी वीरगञ्ज महानगरपालिका भित्रका करिब १५ जना बेपत्ता भएका छन् ।

# धनुषाको रामानन्द चोकमा घरमा आगलागी हुँदा एक जनाको ज्यान गयो

काठमाण्डौ ४ असोज/धनुषाको जनकपुरधाम उपमहानगरपालिका( ८ रामानन्द चोकमा रहेको एक घरमा आगलागी हुँदा एक जनाको ज्यान गएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता ओमप्रकाश खनालका अनुसार महोत्तरीको लोहारपट्टी नगरपालिका(२ की ७० वर्षीया किशोरी सहनीको जलेर ज्यान गएको हो ।

गएराति भएको आगलागीबाट घरमा रहेका सामानसहित ३ लाख रुपैयाँ बराबरको क्षति भएको छ । प्रहरी र स्थानियबासिन्दाको सहयोगमा आगो निभाइएको थियो । बिजुली सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

# भोटेकोशी बाढी : एक हजार ४३६ शव भेटिए

काठमाडौँ ४ असोज/भोटेकोशी बाढीमा परी ज्यान गुमाएकाहरूमध्ये एक हजार ४३६ जनाको शव फेला परेको छ ।

नेपाल प्रहरीका अनुसार आज बिहान ११ बजेसम्म रसुवामा २२३, नुवाकोटमा २०३, धादिङमा ७२, चितवनमा ३६५, गोरखामा ७९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २३२ र नवलपरासी पश्चिममा २२२ गरी एक हजार ४३४ शव फेला परेका हुन् ।

फेला परेका शव पहिचानका लागि 'डिएनए' नमूना सङ्कलन गरी हालसम्म एक हजार २९२ शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ ।

शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ९९७ गरी कुल तीन हजार २८३ वटा डिएनए नमूना सङ्कलन गरिएको छ । पहिचान नभएको एक हजार ३६२ शवको विवरण प्रहरीको वेबसाइटमा अपलोड गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका लागि हालसम्म सात हजार ९७५ प्रहरी परिचालन गरिएको छ । बेपत्ता भएका चार हजार ६५५ जनाको खोजी भइरहेको छ ।

# सप्तरीबाट ४ क्विन्टल गाँजासहित एकजना पक्राउ

काठमाडौँ, ४ असोज/सप्तरीबाट प्रहरीले करिब १४ सय किलो लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

डाक्नेश्वरी नगरपालिका( ६ कटैया गाउँस्थित भोला सदाको घरबाट शनिबार राति गाँजा बरामद गरिएको हो । राति पौने १ बजे विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म पातो र नेपाल प्रहरीको संयुक्त टोलीले सदाको घरमा खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा ५६ वटा बोरामा प्याक गरी लुकाइराखेको अवस्थामा करिब १४ सय किलो गाँजा बरामद गरिएको सशस्त्र प्रहरी बल, नेपालका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो ।



गाँजासहित पक्राउ परेका सदालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा लगिएको छ ।

सीमावर्ती गाउँ भएकाले बरामद गाँजा भारततर्फ निकासी गर्न लागिएको हुन सक्ने आशंका गरिएको थापाले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ ।

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा .लि ., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३